दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ९८ | बुटवल | २०८१ चैत २२, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Apr. 04, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# तिलोत्तमामा भित्रिए दुई ठूला उद्योग

**मंगलापुरमा हुलास स्टीलले एच स्पान र हुलास हेरिटेज सीट र सखुवानीमा ग्रेनाइट उत्पादन सुरु गरेका छन् । यहाँ उत्पादन हुँदा उपभोक्ताले सस्तोमा पाउने छन् ।**






**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देहीको तिलोत्तमामा एकसाथ दुई ठूला उद्योग भित्रिएका छन् । नेपालकै अग्रणी औद्योगिक घराना हुलास स्टील इण्डष्ट्रिज लि.ले तिलोत्तमा-मंगलापुरमा पहिलो सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ । ४३ वर्षदेखि जस्ता पातालगायत स्टीलजन्य बस्तुहरु उत्पादन गर्दै आएको उद्योगले तिलोत्तमा नगरपालिका मंगलापुरमा २ बिघा क्षेत्रफलमा तीन करोड लगानीमा सर्भिस सेन्टर सञ्चालनमा ल्याएको हो । सर्भिस सेन्टरमा हुलास स्टिलका एच स्पान र हुलास हेरिटेज सीट उत्पादन र बिक्री वितरण हुने कम्पनीका चिफ फाइनान्स अफिसर सुनिल मनोत (जैन)ले बताए । सर्भिस सेन्टरबाट उपभोक्ताले चाहेको साइज र परिमाण ६ घण्टाभित्र डेलिभरी पाउने उनले बताए ।

रुपन्देहीमा उत्पादन हुने एच स्पान र हुलास हेरिटेज सीटको मूल्य सिमरास्थित मुख्य उद्योगमा उत्पादन भएर आउनेभन्दा सस्तो हुने र अर्डर गरेको ६ घण्टामा डेलिभरी पाइने भएकाले उपभोक्ता लाभान्वित हुने मनोतले बताए । तीन दशकदेखि हुलास स्टिलको आधिकारिक बिक्रेता रहेको भट्टराई हार्डवेयस् एण्ड सप्लायर्ससँगको सहकार्यमा सञ्चालनमा आएको सर्भिस सेन्टरको बिहीबार तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले उद्घाटन गरे ।

सेन्टरको उद्घाटन गर्दै नगर प्रमुख खाँणले नेपालकै प्रतिष्ठित उद्योगले तिलोत्तमामा सर्भिस सेन्टर स्थापना गर्नुले यहाँ रोजगारी सिर्जना हुने, व्यवसाय चलायमान हुने र उपभोक्ता समेत लाभान्वित हुने बताए । तिलोत्तमा उदाउँदो नगर भएकाले यहाँ उद्योग, कारखाना, पोल्ट्री फार्म र आवासीय घरहरु बन्ने क्रम बढ्दो दरमा रहेकाले सर्भिस सेन्टर दीगो रुपमा सञ्चालन हुने बताए ।

रुपन्देही औद्योगिक हब समेत भएकाले यस्ता उद्योगले उत्पादन युनिट सञ्चालनमा ल्याउँदा औद्योगिक र व्यवसायिक वातावरण बन्ने उनले बताए ।

सर्भिस सेन्टर सञ्चालनमा आउँदा सिमराबाट बुटवलसम्म ढुवानी गर्दा हुने खर्च कटौती हुँदा उपभोक्ताले सस्तो मूल्यमा पाउने हुलासको स्थानीय अधिकृत बिक्रेता हार्डवेयर्स एण्ड सप्लायर्सका सञ्चालक नारायण भट्टराईले बताए ।

उपभोक्ताले आफ्नो रोजाइ र साइजमा ४ देखि ६ घण्टाभित्र डेलिभरी पाउने र डिलरहरुले धेरै स्टक राख्नु पर्ने झन्झटबाट मुक्त हुने उनले जनाए ।

चाहे अनुसारका ठूला साइजको एच स्पान र हेरिटेज सीट अन्य कर्कटपाताको तुलनामा १५ प्रतिशतसम्म सस्तोहुने भट्टराईको दाबी छ । धेरै ठाउं किला ठोक्नु नपर्ने हुँदा पानी चुहिने समस्यामा शतप्रतिशत कमी आउने कम्पनीको दाबी छ । सो अवसरमा चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंक पोखरेल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले हुलास स्टिलले रुपन्देहीमा पहिलो सर्भिस सेन्टर सञ्चालनमा ल्याउँदा उपभोक्ता र उद्योगी व्यवसायी लाभान्वित हुने बताए ।

यस्तै तिलोत्तमा १५ को सखुवानीमा १० करोड लगानीमा ग्रेनाइट उद्योग सञ्चालनमा आएको छ । नेपालमा ग्रेनाइट उद्योग नहुँदा छिमकी देश भारतबाट वर्षेनी अर्बौंको आयात गरेर बिक्री वितरण हुँदै आएको छ । पक्की घर/भवनमा प्रयोग हुने ग्रेनाइटको उत्पादन हुने यो उद्योग यस क्षेत्रकै पहिलो हो । तिलोत्तमाका ७ जना उद्योगी व्यवसायीले एभर शाइन ग्रेनाइटस प्रालिमार्फत् ग्रेनाइट उद्योग सञ्चालनमा ल्याएका हुन् ।

तिलोत्तमाका हेमराज पौडेल, भुपाल गिरी, क्षितिज शर्मा, भूमिराज सुवेदी, पदम रेग्मी, तोयानाथ खनाल, राजेश कोठारीले उद्योग सञ्चालनमा ल्याएका हुन् । उद्योगमा अझैं २ करोड लगानी हुने एभरसाइन ग्रेनाइट्स प्रालिका सञ्चालक हेमराज पौडेले बताए । रुपन्देहीमा ग्रेनाइट उत्पादन हुन थालेपछि प्रति स्क्वायरफुट कम्तीमा एक सय रुपैयाँ सस्तो पर्ने उद्योग सञ्चालकहरुले बताएका छन् । उद्योगले अहिले २० जनालाई रोजगारी दिएको छ ।

ग्रेनाइटको कच्चा पदार्थ भने भारतको राजस्थान र हैदराबादबाट आयात हुन्छ । यही चैतको ५ गतेबाट उत्पादन सुरु भए पनि बिहीबार तिलोत्तमाका नगर प्रमुख रामकृष्ण खाँणले औपचारिक उद्घाटन गर्दै नगरमा भित्रिने उद्योगहरुलाई संरक्षण गर्ने बताए । उद्योगले रोजगारी दिने र आर्थिक चलायमान बनाउने भएकाले सरकारले विद्युत्, सडक र सुरक्षाका व्यवस्था गर्ने जनाए ।

तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले राज्यले लगानीमैत्री वातावरण बनाइ दिए नयाँ उद्योगहरु खुल्दै जाने बताए ।

## थाइल्याण्डका व्यवसायीलाई नेपालमा लगानी गर्न प्रधानमन्त्रीको आग्रह



बुटवल । थाइल्यान्डको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्यान्डका व्यवसायीहरुसँग बैंककमा भेटवार्ता गरेका छन् ।

भ्रमण दलमा सहभागी नेपाली व्यवसायी प्रतिनिधिमण्डलसमेत सहभागी भएको उक्त भेटमा प्रधानमन्त्री ओलीले नेपाल लगानीको लागि उर्वर भूमि भएको उल्लेख गर्दै थाई व्यवसायीहरुलाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् ।

प्रधानमन्त्री ओलीले थाई व्यवसायीहरुलाई नेपालमा लगानीमैत्री वातावरण निर्माणको लागि आवश्यक थुप्रै कानुनहरु संशोधन तथा परिमार्जन गरिएको साथै सरकारले लगानीको सुरक्षाको प्रत्याभूति दिने बताएका थिए । उनले नेपालमा लगानीका अवसर र सम्भावनाका बारेमा निजी क्षेत्रको धारणा बुझ्न तथा निजी क्षेत्रसँग सहकार्य गरेर नेपालमा लगानी गर्न सकिने बताए । यस्तै भ्रमणदलमा सहभागी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा कानुनमा सुधार गर्दै लगानी मैत्री वातावरण निर्माण भएको, विदेशी मुद्रा सञ्चिति राम्रो रहेको र लगानीको लागि सहज वातावरण रहेको उल्लेख गर्दै उत्पादनपछिको बजारका लागि भारत र चीन जस्ता ठूला जनसंख्या भएका छिमेकी मुलुक रहेकोले नेपालमा लगानी गर्दा थाई व्यवसायीहरुले त्यो सभावनाबाट फाइदा लिन सक्ने बताए ।

उनले नेपालमा पर्यटन, ऊर्जा, कृषि, सूचना प्रविधि तथा निर्माणजन्य उद्योगमा सम्भावना रहेको जानकारी गराए । "नेपाल लगानीको लागि पर्याप्त सम्भावना भएको मुलुक हो । पछिल्लो पटक सरकारले गरेका नीतिगत सुधारले बाह्य लगानीलाई आर्कषित गर्ने अवस्था छ । निजी क्षेत्रको तर्फबाट पनि म थाई व्यवसायीहरुलाई लगानीको लागि आग्रह गर्दछु ।" -अध्यक्ष ढकालले भने ।

प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपाली प्रतिनिधि मण्डल यहीँ चैत १९ गतेदेखि २३ गतेसम्म थाइल्याण्डको औपचारिक भ्रमण तथा बिमस्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन थाइल्याण्डको राजधानी बैंककमा रहेको छ । नेपाल र थाइल्याण्डबिच बुधबार मात्र २ वटा सरकारी र ६ वटा गैरसरकारी गरी ८ ओटा सम्झौतामा हस्ताक्षर भएको छ ।

## मधेश केन्द्रित सात दलको मोर्चा गठन

बुटवल । तराई-मधेशकेन्द्रित सात दलले 'संघीय लोकतान्त्रिक मोर्चा' गठन गरेका छन् ।

काठमाडौंको बानेश्वरमा एक कार्यक्रम आयोजना गर्दै जनमत पार्टी, जसपा नेपाल, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तमलोपाले मोर्चा घोषणा गरेका हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्ने, सामर्थ्य र पहिचानको आधारमा प्रदेशहरूको नामांकन र संरचना गर्न/गराउन साथै संघीयताको प्रभावकारी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारहरूका बीचको क्षेत्राधिकार स्पष्ट पार्ने मोर्चाका उद्देश्य र राजनीतिक प्रतिबद्धताहरू रहेका छन् । घोषणा कार्याक्रममा वितरण गरिएको विज्ञप्तिमा राजस्व तथा स्रोतसाधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा-सुविधानहरू जनतामा पुऱ्याउन प्रदेशलाई सक्षम बनाई स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्ने प्रतिबद्धताहरू पनि उल्लेख गरिएको छ । मोर्चाले विगतमा नेपाल सरकार र आन्दोलनकारी शक्तिहरूबिच गरिएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौतका साथै अन्य राजनीतिक दल/संगठन र सरकारबीच गरिएका सहमति तत्काल कार्यान्वयन गराउने उद्देश्य राखेको छ ।

मोर्चाले लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न, जनआन्दोलन, मधेश जनविद्रोह र आन्दोलन, थरुहट, लिम्बुवानलगायत विभिन्न आन्दोलनमा पक्राउ गरी राज्यले मुद्दा लगाएका बन्दीहरूलाई रिहाइको माग गरेको छ ।

## कुलमानको मुद्दामा भएन अन्तरिम आदेश



बुटवल । सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणबाट पदमुक्त भएका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

न्यायाधीशहरू डा.कुमार चुडाल र नित्यानन्द पाण्डेयको इजलासले कुलमानलाई पदमुक्त गर्ने सरकारको निर्णयमाथिको प्रश्न मुद्दाको अन्तिम किनारा लगाउँदा टुंगिने भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । तर इजलासले मुद्दालाई प्राथमिकता दिने भन्दै अग्राधिकारको आदेश दिएको छ । सर्वोच्च अदालतको बिहीबारको आदेशपछि हितेन्द्रमान शाक्य नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा निरन्तर काम गर्न पाउनेछन् । लगातार तीन दिनको सुनुवाइपछि सर्वोच्च अदालतले कुलमान र हितेन्द्रको रिट निवेदनमाथि प्रारम्भिक आदेश गरेको हो ।

सर्वोच्चको आदेशसँगै पदमुक्त भएका पाँच महिनाको कार्यकाल बाँकी रहेको कार्यकारी घिसिङको रिट निवेदनमाथि अब पूर्ण सुनुवाइ हुनेछ । गतसाता सरकारले विभिन्न आरोप लगाउँदै घिसिङलाई पदमुक्त गरेर शाक्यलाई नियुक्त गरेको थियो ।

## मंगलपुष्करिणी दह महोत्सव सुरु



देवदह । देवदहमा मंगलपुष्करिणी दह धार्मिक महोत्सव सुरु भएको छ । बिहीबार एक कार्यक्रमबिच दहमा महापरित्राण पाठ गरि महोत्सवको सुरुवात गरियो ।

देवदह-७ स्थित अन्तर्राष्ट्रिय भिक्षुणी विहारबाट मंगल पुष्करिणी दहसम्म कलश यात्रा गरी महोत्सवको औपचारिक सुरूवात गरिएको महोत्सव मूल आयोजक समिति संयोजक समेत रहेका देवदह-९ का वडाध्यक्ष मोहन जिसीले जानकारी दिए ।

महोत्सवको पहिलो दिन सकल प्राणी जगतमा सुख, शान्ति, समृद्धिको कामना गर्दै भिक्षु महासंघबाट मंगलपुष्करिणी दहमा महापरित्राण पाठ गरिएको छ । अखिल नेपाल भिक्षु महासंघका पुर्व केन्द्रीय अध्यक्ष तथा अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्री महास्थवीरको नेतृत्वमा महापरित्राण पाठ गरिएको हो ।

महोत्सव उद्घाटन समारोहमा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराई, देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेल, उपप्रमुख विद्यालक्ष्मी गुरुङ, देवदहका प्रथम नगर प्रमुख हिराबहादुर खत्री, अन्तर्राष्ट्रिय भिक्षुणी महासंघ तथा यशोधरा भिक्षुणी बिहारकी अध्यक्ष न्यानवती गुरुमालगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै भिक्षु मैत्री महास्थवीरले वृहत्तर देवदह क्षेत्रको विकास आवश्यक रहेको बताए । 'देवदह एउटा महत्वपूर्ण क्षेत्र हो, दहसँगै यहाँ रहेका अन्य बौद्धकालिन महत्वपूर्ण क्षेत्रको विकासले समग्र देवदहलाई समृद्ध बनाउने छ ।'- उनले भने । भिक्षु मैत्री महास्थवीरले देव दह, बैरिमाइ, कन्यामाइ, पाकरीसहित पण्डितपुर र रामग्रामलाई समेत समेटेर विकास गरिनुपर्ने विचार व्यक्त गरे ।

महापरित्राण पाठको औपचारिक समारोह वडा अध्यक्ष तथा महोत्सव मूल आयोजक समितिका संयोजक मोहन जिसीको अध्यक्षता, प्रगति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दुर्गबहादुर रानाको स्वागत र संचारकर्मी कमला अर्यालको सञ्चालनमा सम्पन्न भएको थियो ।

महोत्सवको कलश यात्रामा स्थानीय संघ, संस्था र आमा समूहले व्यानरसहित संस्थागत प्रतिनिधित्व जनाएका छन् । भूपू सैनिक कल्याणकारी समाज, मगर संघ, उज्यालो लालटिन प्रतिष्ठान आदि संघसंस्थाले पानी, चियालगायत वस्तु निःशुल्क वितरण गरेका छन् ।

बौद्ध परम्परा अनुसार बिहीबार महापरित्राण गरी सुरु गरिएको महोत्सवमा बिहीबारदेखि श्रीमद्भागवत महापुराण सुरु हुनेछ । शुक्रबार हिन्दु परम्पराअनुसार कलश यात्रा गरी श्रीमद् भागवद महायज्ञ सुरु गरिने आयोजकले जनाएको छ ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# बुटवल कृषि थोक बजारको व्यवस्थापन

बुटवल-६ स्थित बुटवल कृषि उपज तथा थोक बजार केन्द्रका ६८ वटा सटर भाडामा लगाउन बोलपत्र आह्वान भएको लामो समय बिते पनि प्रक्रियागत ढंगले काम अघि बढेको छैन । अहिले थोक बजारमा व्यवसाय गर्दै आएका व्यवसायीको १० वर्षे सम्झौता सकिएपछि बोलपत्र आह्वान भएको हो । प्रक्रियागत ढंगले अघि बढाउन अदालती आदेशले अवरोध भएको छ । रूपन्देही जिल्ला अदालतले संस्थापक सदस्यको कोटा छुट्ट्याएर बोलपत्र गर्न भनेकाले ढिलाइ भइरहेको देखिन्छ ।

६८ वटा सटरका लागि २ सय ६७ जनाले बोलपत्र दर्ता गरेका छन् । उनीहरुले बोलपत्र दर्ता गर्दा धरौटी रकम पनि राखेका र लामो समयदेखि बोलपत्र स्थगित गर्दा उनीहरुको लाखौं रुपैयाँ बैंकमा रोखिएको छ । प्रक्रियागत ढंगले बोलपत्र आह्वान गरेको विषयलाई प्रक्रियागत ढंगले किनारा लगाउनु राम्रो हुन्छ । कृषि थोक बजार केन्द्र सरकारी, निजी र साझेदारी मोडलअनुसार २०६७ सालमा सुरु भएको थियो । जसमा बुटवल उपमहानगरपालिका, संघीय सरकारको कृषि मन्त्रालयअन्तर्गतको कृषि पूर्वाधार विकास महाशाखा र व्यवसायीहरुले संयुक्त लगानी गरेका थिए । अहिले व्यवसाय गर्दै आएका व्यवसायीको समेत लगानी भएकाले बोलपत्र खोल्दा उनीहरु कतिपय विस्थापित हुने जोखिम छ । पहिले निर्माण गर्दा सहभागी व्यवसायीहरु दश वर्षमै विस्थापित हुनुपर्ने अवस्था पनि स्वाभाविक होइन । उनीहरुले व्यवसायको स्थायित्व होला भनेर साझेदारीमा निर्माण गर्न अग्रसर भए । बरु दश वर्षभन्दा बढी समय नराख्नु त्यसबेलाको कमजोरी हो । अहिले बोलपत्र आह्वान गर्ने, तर टुंगो नलगाएर बोलपत्र दर्ता गरेका व्यवसायीको लाखौं रुपैयाँ बैंकमा धरौटी जाममा परेको छ ।

२०७७ सालमै हो अहिले व्यवसाय गर्दै आएका व्यवसायीको सम्झौता सकिएको । कोरोना महामारीको बेला थप अर्को निर्णय नहुँदासम्मको लागि उक्त सम्झौतालाई निरन्तरता दिने निर्णयका कारण पूरानै भाडादरमा अहिले व्यवसायी बस्दै आएका छन् । नया टेण्डर प्रक्रिया लम्ब्याउन त्यहाँ बसिरहेका केही व्यवसायीले रूपन्देही जिल्ला अदालतमा आफूहरु बहालमा बस्न पाउनुपर्ने, संस्थापक सदस्यको रुपमा निश्चित सटर आफूहरुलाई छुट्ट्याएर मात्रै बोलपत्र गर्नुपर्ने माग गर्दै गरेको मुद्दा दायर मा भएको आदेश अनुसार नयाँ प्रक्रियामा गएर भए पनि कृषि बजारको टुंगो लगाउनुपर्छ ।

# चैत १५ को घटना र अबको राजनीतिक निकास



विन बहादुर कुँवर

प्रतिगामीतत्वहरुलाई साथ सहयोग दिने कुरै भएन यसकाविरुद्ध यथास्थितिवादीहरुलाई साथ र सहयोग, तर अग्रगमन अर्थात् जनगणतन्त्रलाई साथ दिने शर्तमा । पहिलो शर्त प्रतिगमनकारी पूर्व राजा र राज परिवार अनि पुराना पञ्चे मण्डले र दरबारियामाथिको कडा कारबाही जुन २०६२/०६३ सालको दलहरुबाट भएको कमजोरी तत्काल हटाउनुपर्ने, दोस्रो १२ बुँदे दिल्ली समझदारीअन्तर्गत भई आएको सहमतिको खारेजी, देशको राष्ट्रियता र स्वाभिमानप्रतिको कटिबद्धता साथै चालु संविधानको खारेजी वा पूनःमूल्यांकन गरी पुनः नयाँ निर्माण वा संशोधन । यो नै तत्कालीन वर्तमान सत्ताधारी र प्रतिपक्ष सांसदवादी दलहरुको अग्रगमनकारी निकास हो ।

भनिन्छ, बाघ बुढो भएपछि घाँस खाँदैन बरु मर्दछ । ठीक यो राजा महाराजा, सामन्त, निरंकुश तानाशाहमा पनि देखिन्छ । बाघको जनावर मार्ने र खुन पिउने र मासु खाई बाँच्ने त्यसको वंशानुगत चरित्र हो । त्यस्तै राजा, महाराजाहरुको पनि राज्य कब्जा गर्ने विरोधीहरुको हत्या, हिंसा गरी जनताको शोषण, अन्याय, अत्याचार र यिनीहरुको खुन पसिनामा रमाउने बंशाणुगत चरित्र हो । समाज विकासको क्रममा हरेक राजा, बादशाहको जन्म र विकास यसरी नै हुँदै आएको छ । नेपालमा पनि यहाँका पुराना राजा, बादशाहरुको जन्म र विकासको इतिहास यस्तै छ । नेपालको पछिल्लो शाहवंशी इतिहास पनि यसैको उपज हो । आधुनिक नेपाल एकीकरणका नायक भनिने स्वयं पृथ्वीनारायण शाहको जन्म र विकास इतिहास पनि यस्तै छ । राजनीतिक षड्यन्त्र, धोका अनि हत्या, हिंसा यतिसम्मकि मामा ससुराली, दाइभाइ केही नभन्ने खाली राज्य कब्जा गर्ने एकमात्र निंसाना पृथ्वीनारायण शाहको रह्यो । हत्या, हिंसा त उनको दैनिकी नै बन्यो । मानवीय बर्बरता र क्रूरताको सीमा नै रहेन । कीर्तिपुरे जनताको नाक, कान काट्ने समेतको अमानवीय कुरता उनमा देखियो ।

आधुनिक नेपाल राज्य एकीकरणको नाममा पृथ्वीनारायण शाहले त्यहाँ जे गरे र गर्न लगाए त्यो नेपालको इतिहासमा एउटा कालो दाग जसलाई मेटेर मेट्नै नसक्ने मानवतामाथिको बर्बर र क्रुरताको पराकाष्ट थियो । त्यसपछिका उनका वंश सन्तानले पनि यस्ता थुप्रै अमानवीय घटना गर्ने गरेका छन् । यतिसम्मकि पछिल्लो घटनाक्रममा आफ्नै छोराले आफ्नै बाबा आमा, भाइबहिनी, काकाकाकी विरुद्धको वंशनाश हत्या गर्दै स्वयं आफैंको पनि आत्महत्या गरेको युवराज दिपेन्द्रको उदाहरण अहिले पनि ताजै छ । हुनत यसमा ज्ञानेन्द्र र उनको छोरा युवराज पारसको हात छ भन्नेहरु पनि धेरै छन् । हालै मात्र माओवादी अध्यक्ष प्रचण्डले एउटा कार्यक्रममा ज्ञानेन्द्रलाई खुलेआम दाइभाइ मारा र 'तस्कर'भनी निन्दा र घृणा नै गरेका छन् ।

प्रचण्डले यो भनिरहँदा धेरैले उनीमाथि प्रश्न उठाए । प्रश्न मात्रै होइन राजावादीहरुले त उल्टै प्रचण्डलाई नै १० वर्षे माओवादी जनयुद्धमा भएका १७ हजारका हत्यारा भनी निन्दा र घृणा गरे । प्रचण्डले ज्ञानेन्द्रलाई यो भन्दानभन्दै ठीक त्यस्तै काम र व्यवहार पूर्व राजा ज्ञानेन्द्रले यही गत चैत १५ को तिनकुनेमा पुराना पञ्चे-मण्डले र दरबारियाहरुले खुलेआम हत्या, हिंसा तोडफोड र आगजनीको तान्डव्य नृत्य गरी देखाए । सम्भवत त्यो दिन आफ्नै निर्मल निवासको बार्दलीमा बसेर त्यो दृश्य हेर्दै मानौ रोम जलिरहँदा बादशाह निरो गीत संगीतमा रमाईरहे जस्तै ज्ञानेन्द्र, कोमल अनि पारस सबै त्यसैगरी रमाइरहेको हुनु पर्दछ । हुनतः कीर्तिपुरे जनताको चौध धार्नी नाक, कान काट्न सक्ने पूर्वजका यी सन्तानका लागि यो के नै हो र ? केवल २ जना नागरिकको हत्या अनि दर्जनौका घाइते साथै करोडौं बराबरको धन सम्पत्तिको बर्बादी मात्र । खाली यो त पूर्व पञ्चेहरुले भन्ने गरेको खाली एउटा फिल्मको सानो टेलर मात्र हो ।

चैत १५ राजधानीको तिनकुनेमा भएको यो हिंसात्मक घटनामा अहिले पक्ष विपक्ष अर्थात् गणतन्त्रवादी र राजतन्त्रवादीहरुका बीच आरोप-प्रत्यारोप चलिरहेको छ । गणतन्त्रवादीहरुले पूर्व राजा ज्ञानेन्द्रलाई जिम्मेवार ठानेका छन् भने राजावादी पूर्व पञ्चे, मण्डलेहरुले सरकार अझ, खासगरी प्रम केपी ओलीमाथि दोषारोपण गरिरहेका छन् । खासमा त्यो के हो ? पूर्ण रुपले छानविन र जाँचबुझ गर्न बाँकी नै छ । तर उक्त दिन भएको शान्तिपूर्ण भनिने त्यो कथित घटना खुलेआम विभिन्न सञ्चार मिडियाहरुमा प्रत्यक्ष प्रदर्शित भएको छ । त्यो प्रत्यक्ष देख्नेहरुका लागि यो सबै छर्लङ्ग छ । यो पुराना र नयाँ पंचे मण्डले र राजावादी दरबारियाहरुको आततायी हमला र आक्रमण अनि हत्या, हिंसा तोडफोड, लुटपाट र आगजनी नै थियो । त्यसमा सहभागी मुख्य पात्रहरुमा प्रमुख कथित कमाण्डर भनिएका दुर्गा प्रसाईं अनि राप्रपाका सांसद धवल समशेर र नेता रविन्द्र मिश्र आदि थिए । साँच्चै नै पूर्व पञ्चे राजावादीहरुले भने जस्तै त्यो एउटा फिल्मको एउटा सानो टेलर जस्तै थियो । त्यसका नायक दुर्गा प्रसाईं र उपनायक धवल समशेर र रविन्द्र मिश्र जस्तै देखिन्थे । एउटा जीप गाडी हाँकेर जनताको भिडलाई छिचोल्दै आओ आओ भन्दै प्रहरी छेकेवारलाई तोडेर प्रहरी गस्तीमाथि गाडी कुँदाएको दृश्य साँच्चै एउटा नामी फिल्ममा देखाइने टेलरभन्दा कमी आकर्षक थिएन । हिरोको कस्तो हिम्मत अचम्म ? प्रहरीको भागाभाग । प्रदर्शनकारीहरुको तालीको गडगडाहाट, नारा, जुलुस र जिन्दावाद र मूर्दावाद । तोडफोड, ढुंगामुढा । हातपात र मारकाट आदि दृश्य । यसको बारेमा यहाँ अझ बढी भन्नु र लेख्नु छैन । यो चारैतिर देशव्यापी छर्लङ्गै भइसकेको छ । तै पनि पुराना पञ्चे, मण्डले र दरबारियाहरुकालाई यो केही पनि होइन । उनले यो सब सरकारले गर्दा भएको हो भनिरहेका छन् । यो गर्नेलाई भन्दा देख्नेलाई लाज । दिनमै रात पार्ने षड्यन्त्र । हत्केलाले सूर्यलाई छोप्ने दुष्प्रयास ।

वास्तवमा यो तीनकुने हत्या, हिंसाको लागि मूल जिम्मेवार को हो ? यसको लागि केही पृष्ठभूमितिर हेरौं । गत फागुन ०७ को प्रजातन्त्र दिवसको अवसरमा पूर्व राजा ज्ञानेन्द्रको अडियो वक्तव्यमा उनले देश बर्बाद भयो आफूलाई साथ दिन अपिल गरे । त्यसको पूर्व पञ्चे मण्डले र राजावादीहरुको समर्थन र स्वागत । यो गणतन्त्रको विकल्पमा राजतन्त्रको पुनर्स्थापना त्यसका लागि आन्दोलन गर्ने तैयारी । ज्ञानेन्द्रको देश- प्रदेश दौडाहा । अनेक गोप्य भेटवार्ता छलफल र तयारी । फागुन २५ ज्ञानेन्द्रको काठमाडौं फिर्ता र पुराना पंचे मण्डले र दरबारियाहरुको भव्य स्वागत । ओली चोर देश छोड र राजा आउ देश बचाऊको नारा जुलुस । त्यसमा भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटो प्रदर्शन आदि । यो सबैको विरुद्ध माओवादी केन्द्र लगायतका वाम दलहरुको समाजवादी मोर्चाले चैत १५ मा वृहत विरोध प्रदर्शन र आमसभा गर्ने घोषणा । त्यसपछि त्यसको काउण्टरमा त्यही दिन दुर्गा प्रसाईंले पनि राजतन्त्रको पक्षमा प्रदर्शन र सभाको आयोजना गर्ने घोषणा । त्यसको लागि ज्ञानेन्द्रद्वारा पूर्व पञ्चे नवराज सुवेदीको नेतृत्वमा समिति गठन । चैत १५ को अघिल्लो दिन निर्मल निवासमा ज्ञानेन्द्र, नवराज र दुर्गा प्रसाईंबिच भेटवार्ता र कथित आन्दोलन सञ्चालनका लागि जिम्मेवारी बाँडफाँड र त्यसको नेतृत्व कमाडिङ दुर्गा प्रसाईंलाई । अन्त्यमा चैत १५ को त्यो सभाको थालनी नहुँदै कथित त्यसका कमाण्डर दुर्गा प्रसाईंको त्यो तान्डव्य नृत्य । गाडी घन्काउँदै प्रहरीमाथि हमला । अब भनौं र बुझौं यसमा दोष कसको ? प्रदर्शित मूल व्यानरमा माथि ज्ञानेन्द्रको अनि नवराज र दुर्गा प्रसाईंको फोटो ।

यसबाट यो कथित जनआन्दोलनको मूल संरक्षक पूर्व राजा ज्ञानेन्द्र र यसको परिचालन नवराज र दुर्गा अनि अरु केही पूर्व पंचे, मण्डले र राजावादी देखिएका छन् । कुरा घुमाई फिराई जे गरे पनि प्रत्यक्ष सारमा यो सब पूर्व राजा ज्ञानेन्द्रकै डिजाइनमा भएको हो । जसलाई वर्तमान सरकारका प्रधानमन्त्री केपीले पनि सदनबाट नै पुष्टि गरिसकेका छन् । यो घटनामा गिरफ्तार नेता कार्यकर्ताहरुबाट पनि धेरै कुरा खुल्ने छ । नवराज आफ्नै निवासमा नजरबन्दमा छन् भने दुर्गा प्रसाईंको खोजविन भइरहेको छ । स्वयं स्थानीय सरकारका प्रमुख काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले त्यो चैत १५ को नगरको फोहर अनि तोडफोडका लागि दोषी ज्ञानेन्द्र शाह भएको भन्दै उनलाई आठ लाखभन्दा बढी क्षतिपूर्तिको जिम्मेवार भएको भन्दै जरिमाना पूर्जी काटिएको छ । त्यसैले यो सब घटनाक्रमले यसमा मूल दोषी र जिम्मेवार पूर्व राजा ज्ञानेन्द्र नै छन् । यो सब हत्या, हिंसा, तोडफोड र आगजनीको मुख्य जिम्मेवार ज्ञानेन्द्र शाह नै हुन् । भन्न त प्रम ओलीले सदनमा नै गई ज्ञानेन्द्र शाहलाई कारबाही हुने बताइसकेका छन् । अब प्रम ओली पूर्व पंचे, मण्डले र दरबारिया साथै स्वयं ज्ञानेन्द्रको डरले खुट्टा कमाई बस्छन् कि खुट्टा दह्रो पारेर ज्ञानेन्द्रले अहिले राज्यबाट खाई पाई आएको सब कटौती गरी यिनलाई एउटा सामान्य नागरिक सरह कारबाहीमा लैजान्छन् ? हेर्न बाँकी छ । भारतीय नाकाबन्दीमा देखाएको भारत विरोधी अडान अनि नेपालको चुच्चे नक्सा आदिमा जस्तै यो गणतन्त्रको पक्षमा पनि त्यस्तै अडान देखाउँदै ज्ञानेन्द्रलाई यसमा कारबाही गरी जेलमै कोच्न सके भने तब राज्यकै महान देशभक्त र गणतन्त्रवादी नायक बन्ने सुनौलो मौका प्रम केपी ओलीलाई छ अहिले । कुराले धम्काउने तर कामले केही नगर्ने पूर्व राजा र ज्ञानेन्द्र र उनको परिवार साथै यो घटना क्रममा ज्ञानेन्द्रसँग जोडिएका यी सबै अराजकतावादी गुण्डा-मण्डले र हत्यारा अपराधीलाई त्यत्तिकै छोडियो भने अब प्रम ओली देशको गणतन्त्रवादी नायक होइन, अझ ज्ञानेन्द्र र उनको कमाण्डर दुर्गा प्रसाईं जस्तै राष्ट्रघाती गणतन्त्र विरोधी खलनायक बन्ने छन् ।

चैत १५ को घटनाका पछाडि खाली ज्ञानेन्द्र शाहको मात्र हात नरहेर यसलाई समयमै बुझी त्यही अनुरुप शान्ति सुरक्षाको प्रबन्ध मिलाउन नसक्नु सरकारको पनि कमजोरी छ । स्वयं प्रम ओलीले अघिल्लो दिन यस्ता केही हजारको जुलुस प्रदर्शन भइरहन्छन् यसले व्यवस्थालाई कति पनि असर पार्दैन । केही समय विरोधमा कराउँछन् चिच्याउँछन् । अनि छाँड्छन् भन्दै यसलाई सामान्य रुपमा मात्र लिएको पाइन्छ, त्यसैगरी गृहमन्त्री रमेश लेखकले पनि गस्ती सुरक्षालाई खासै महत्व दिएको पाइदैन । त्यत्रो सशस्त्र प्रहरीको घेरा तोड्दै सशस्त्र प्रहरी माथि जाइलाग्ने दुर्गा प्रसाईं माथि केही नहुने तर सडकमा हिडेका थुप्रै व्यक्ति माथि गोलीको वर्षा हुनुले प्रम गृहमन्त्री र प्रहरी प्रशासनको लापरबाही र निरीह प्रदर्शन भएको छ । यो सामन्य प्रकारको मात्रै नभई विशेष र गम्भीर प्रकारको कमजोरी हो । त्यसैले यसको गम्भीरतालाई ख्याल गरी गृहमन्त्रीले पदबाट राजीनामा दिनुपर्दछ । नदिए स्वयं प्रधानमन्त्रीले नै दिनुपर्दछ या प्रमले गृहमन्त्रीलाई बर्खास्त गरी पदबाट हटाउनु पर्दछ ।

यो विद्यमान देशका दुई शक्ति पहिलो प्रतिगामी र दोस्रो यथास्थितिवादी तत्वहरुबिचको द्वन्द्व र संघर्ष हो । आजसम्म यथास्थितिवादीहरुले यी सबैलाई समयमै केही नगरी लालनपालन गर्दै आए । तर अहिले प्रतिगामी तत्वहरु जसको नाइके पूर्व राजा ज्ञानेन्द्र औलो दिंदा डुल्लो नै निल्ने गरी यी यथास्थितिवादी कांग्रेस-एमाले र माओवादीमाथि झम्टिन पुगेका छन् । अब जित र हार कसको हुँदैछ वा सहमति सम्झौता के हुन्छ ? त्यो हेर्न बाँकी छ । अब फेरि पनि यही अवस्थामा रहिरहे र दलहरुले आ-आफ्ना गल्ती कमजोरी नसुधारी खाली लुट, गुट र परिवारवादमा मात्र रमिरहे यी सबै संसदीय दलहरु पनि ढिलो चाँडो त्यही प्रतिगामी राप्रपाले भन्ने गरेको कथित नविन सहमति र सम्झौता गर्नुको अर्को विकल्प देखिदैन । अब यो अवस्थामा अरु बाँकी अग्रगमन पक्षधर मालेमावादी शक्तिहरुको भूमिका के हुने ?

प्रतिगामीतत्वहरुलाई साथ सहयोग दिने कुरै भएन यसका विरुद्ध यथास्थितिवादीहरुलाई साथ र सहयोग तर अग्रगमन अर्थात् जनगणतन्त्रलाई साथ दिने शर्तमा । पहिलो शर्त प्रतिगमनकारी पूर्व राजा र राज परिवार अनि पुराना पञ्चे मण्डले र दरबारियामाथिको कडा कारबाही जुन २०६२/०६३ सालको दलहरुबाट भएको कमजोरी तत्काल हटाउनुपर्ने, दोस्रो १२ बुँदे दिल्ली समझदारीअन्तर्गत भई आएको सहमतिको खारेजी, देशको राष्ट्रियता र स्वाभिमानप्रतिको कटिबद्धता साथै चालु संविधानको खारेजी वा पूनःमूल्यांकन गरी पुनः नयाँ निर्माण वा संशोधन । यो नै तत्कालीन वर्तमान सत्ताधारी र प्रतिपक्ष सांसदवादी दलहरुको अग्रगमनकारी निकास हो । जे होस् अन्त्यमा भारत उत्तर प्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथको आशिर्वाद, पूर्व पञ्चे मण्डले र दरबारियाहरुको साथ सहयोग अनि एउटा अराजक सन्काहा र आबारा दुर्गा प्रसाईंको कमाडिङमा फेरि राजा बन्ने ज्ञानेन्द्रको यो सपना अन्ततः ठूलाठूला चोक्टा खान आएकी बूढी झोलमा डुबी भने जस्तै भएको छ ।

# सामान्य अंकले बढ्यो सेयर बजार



काठमाडौं । सेयर बजार बिहीबार सामान्य अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार बजार परिसूचक नेप्से ३.३५ अंकले बढेको हो । योसँगै बजार परिसूचक २७०३.३९ अंक पुगेको छ । बजारमा ७ अर्ब ७४ करोड रुपैयाँ बराबरको कारोबार भयो ।

बजार बढे पनि बजारमा मूल्य घट्ने कम्पनीको संख्या धेरै देखिएको छ । बजारमा १५१ कम्पनीको मूल्य घटेको ९३ कम्पनीको मूल्य घटेको छ ।

त्यस्तै बजारमा १३ परिसूचकमध्ये ९ वटा परिसूचक घटेको छ भने ४ वटा बैंकिङ, हाइड्रो, निर्जीवन बिमा र अन्य समूहको परिसूचक मात्रै बढेको छ । अन्य सबै समूह घटको छ । बजारमा धेरै पुँजीकरण भएका हिमालयन रिइन्स्योरेन्स तथा नेपाल पुनर्बीमा कम्पनीको मूल्य बढेकोले समग्र परिसूचक बढेको देखिएको हो ।

बजारमा ग्रीन भेञ्चरको मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोकार रकमका आधारमा पनि आज हिमालयन रिइन्स्योरेन्स र नेपाल पुनर्बीमा कम्पनी अगाडी रहेका छन् । ती कम्पनीको कारोबार ७१ र ५५ करोड रुपैयाँले भएको थियो ।

# सात सरल योगासन, जसले घटाउँछ पेटको बोसो

सुरक्षा बस्नेत



पेटमा बोसो जम्दा शरीर भद्धा देखिने मात्रै होइन यसले विभिन्न स्वास्थ्य समस्यासमेत निम्त्याउँछ । अनावश्यक बोसो बढ्दै जाने हो भने मधुमेह, उच्च रक्तचाप जस्ता दीर्घरोगले ग्रस्त बनाउने जोखिम रहन्छ ।

यस्तोमा अनावश्यक पेटमा लागेको बोसो कसरी घटाउने ? धेरैको चिन्ताको विषय नै यही हो ।

पेटको बोसो घटाउने अनेक उपाय छन् । त्यसमध्ये प्राकृतिक र प्रभावकारी तरिका हो, योग । योगाभ्यासले पेटको बोसो मात्र घटाउँदैन, पाचन प्रणालीलाई स्वस्थ राख्छ । शरीरको बनावटलाई एउटा लयमा ढाल्छ ।

नौकासन, हलासन, सर्वाङ्गासन, सेतुबन्धुआसन, त्रिकोणासन, वीरभद्रासन र चुतरङ्ग दण्डासन जस्ता योग अभ्यास दिनहुँ गर्ने हो भने पेटको बोसोलाई घटाउन सहयोग गर्छ ।

**तर, यी योगासनबाट कसरी सम्भव छ ?**

पेटमा लागेको अनावश्यक बोसो घटाउन हाम्रो शरीरमा जम्मा भएको क्यालोरी खपत हुनुपर्छ, जसमा यी सात योगासनहरूले मुख्य भूमिका खेल्छन् । जस्तो कि, वीरभद्रासनले मांसपेशी बलियो बनाउने र मेटाबोलिज्म दर बढाउने काम गर्छ ।

नौकासन गर्दा पेटको रेक्टस एब्डोमिनिस र ट्रान्सभर्स एब्डोमिनिस भनिने मांसपेशी सक्रिय भएर अधिक क्यालोरी खर्च हुन्छ ।

सेतुबन्धासन र सर्वाङ्गासनले थाइराइड ग्रन्थीलाई उत्तेजित गर्छन्, जसले टी ३ र टी ४ हार्मोनको उत्पादन बढाएर मेटाबोलिज्म तीव्र बनाउँछ । यसले बोसो छिटो खपत (वर्न)हुने प्रक्रिया सुरुगर्छ ।

यता, त्रिकोणासनले पाचन प्रणाली सुधार गर्दै शरीरमा बोसो जम्मा हुने प्रक्रियालाई रोक्छ । साथै, पेटमा हुने ओब्लिक मांसपेशी सक्रिय हुँदा साइड फ्याट कम गर्न मद्दत गर्छ ।

त्यसैगरी, हलासनले पनि अन्य योगासन जस्तै फाइदा गर्छ । त्यसबोहक पेटका मांसपेशीहरूलाई सक्रिय बनाउँछ, जसमा रेक्टस एब्डोमिनिस, ट्रान्सभर्स एब्डोमिनिस, र ओब्लिक मांसपेशीहरू प्रमुख छन् ।

यी मांसपेशी सक्रिय हुँदा पेटको बोसो घट्न मात्र होइन, पेटको छाला कसिलो र चमकदार पनि हुन्छ ।

साथै, हलासनले पेटको भित्री भागमा नयाँ रक्तसञ्चार आपूर्ति गरेर पाचन प्रणाली सुधार गर्छ । राम्रो पाचन हुँदा पेट फुल्ने समस्या कम हुन्छ र शरीरमा अनावश्यक बोसो जम्न पाउँदैन ।

हलासनले तनाव कम गर्ने काम गर्छ । तनाव हुँदा शरीरमा कोर्टिसोल हार्मोन बढ्छ, जसले पेटमा बोसो जम्मा गर्न भूमिका खेल्छ । हलासन गर्दा स्नायु प्रणाली शान्त हुन्छ, जसले कोर्टिसोलको स्तर घटाएर पेटको बोसो घट्न सहयोग गर्छ ।

त्यसैले, बिहान खालि पेटमा यी अभ्यास नियमित गर्दा शरीरको बोसो घट्दै जान्छ र शरीर टोन हुँदै जान्छ ।



**खानेपानीको जोहोः**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित घोरदौराका स्थानीय घरदेखि एक घण्टा टाढाबाट मूलको पानी ल्याउँदै । तस्विर : कुलदीप न्यौपाने/रासस

## मंगलपुष्करिणी...

ऐतिहासिक मंगलपुष्करिणी (देव दह) को प्रचार प्रसारसँगै देवदह -९ स्थित सन्दिप आधारभूत विद्याल र छाडा चौपाया व्यवस्थापनको लागि निर्मित गौशालालाई सहयोग जुटाउन महोत्सव आयोजना गरिएको जनाइएको छ।

प्राचीन समयमा राजा तथा ऋषि-तपस्वीहरूले स्नान गर्ने देव दहमा सेता, राता, गुलावीलगायतका विभिन्न रङ्गका कमल फुल्ने भएकाले बौद्ध धर्ममा यसलाई मङ्गलपुष्करिणी भनिएको बौद्ध अध्येताहरूको भनाइ छ । बौद्ध ग्रन्थहरूमा यसलाई ध्यान, शुद्धता र साधनाका लागि उपयुक्त स्थलका रूपमा वर्णन गरिएको बताइन्छ। बौद्धकालिन समयमा राज्याभिषेकका क्रममा देवदहमा स्नान गर्ने परम्परा रहेको समेत जानकारहरू बताउँछन् ।

देवदह नगरपालिका-९, घोडाहाको उत्तरतर्फ प्रगति सामुदायिक वनमा अवस्थित मङ्गलपुष्करिणी (देव दह) कै कारण यस क्षेत्रको नाम देवदह रहन गएको स्थानीय बताउँछन् । धार्मिक मान्यताअनुसार सत्य, धर्म, संघ र मङ्गल प्राप्त गर्ने पवित्र स्थल भएकाले समेत यसलाई मङ्गलपुष्करिणी भनिएको हो । बौद्ध धर्म ग्रन्थ त्रिपिटक र हिन्दू धर्मग्रन्थ वराह पुराणमा समेत देवदहको विशेष उल्लेख गरिएको छ।

देवदह नगरपालिका वडा नं. ९ ले संयोजन गरिरहेको महोत्सवको संरक्षक देवदह नगरपालिका रहेको छ भने सह-आयोजक प्रगति सामुदायिक वन रहेको छ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Arghakhanchi

## Notice for the letter of Intents

Date of Publication: April 4, 2025 (2081/12/22)

This is to notify all the bidders who submitted their bid for the contract Identification no.mentioned below as per the invitation of Bids published in PPMO's e-GP Portal www.bolpatra.gov.np/egpand Butwal Today daily on February 25,2025that the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract Pursuant to Clause 27of Public Procurement Act 2063.

| Contract ID | Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (including VAT and PS) |
|---|---|---|---|
| 06-081/82/Goods/ FWSSMP- Arghakhanchi | Supply and Delivery of HDPE Pipe for Palpa and Gulmi District | Vast Store, Rurukshetra-4 Baletaksar, Gulmi | 5764423.80 |

Project Chief

**Panini Rural Municipality**
**Office of the Rural Municipal Executive**
Durgaphant, Arghakhachi

## Invitation for Electronic Bids

**Notice No. 14 /Panini/Procurement/081-82**
First Date of publication : 2025/04/03 (B.S. 2081/12/21)

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic bids from duly eligible and qualified registered bidders for the procurement of following Works under NCB. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Excluding VAT & Contingency) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/NCB/ Work/ 20/081-82 | Procurement of Construction works of extension of Padena Health post | NRs.3575688.5 | NRs. 110,000.00 |

Bid Document Fee : Rs 3,000.00. Last date of Bid Submission : 2025/05/04 12:00 Noon.
Bid Opening : 2025/05/04 1:00 PM .

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 Revenue Code No. 14229 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

For-Chief Administrative Officer

**Naubahini Rural Municipality**
**Office the Rural Municipal Executive**
Lung, Bahane, Pyuthan
Lumbini province,Nepal

## Invitation for Bids

Date of First Publication date 2081/12/20 (2th April 2025)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee(Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 25-NRM/ SQ/G/2081/82 | "Delivery of Medical and Surgical Items" | 15,25,556.5 | 1000.00 | 40000 | 45 Days |

2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane, Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१ /१२/२२)

यस कार्यालयबाट बिभिन्न मितिमा राष्ट्रिय दैनिकमा तथा https://bolpatra.gov.np.egp/ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्कृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Madhyabindu nagarpalikako ward no 6 tadi krishi bato bata purba tarfa hudai aalok chakrapath jodne ra bich bata dakxin tarfa sama,Madhyabindu 6, Contract ID : IDO-NAW(BSE)-W-NCB-49-2081/82 | M/S Himal Nirma Sewa and Suppliers | 2405485.75 |
| 2 | Shanti tole poudel marga starunnati, Kawasoti 3, Contract ID : IDO-NAW(BSE)-W-NCB-51-2081/82 | M/S Anisha Construction , Bardaghat | 2863197.7 |
| 3 | Maitighat shorabishe fat ghaishithar mithukuram naramjahre vanjyang sadak, Boudikali 1,5,6, Contract ID : IDO-NAW(BSE)-W-NCB-50-2081/82 | M/S Lissam Nirman Sewa Tokha -08 | 4042079.16 |

कार्यालय प्रमुख

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘अस्पतालमा गुणस्तरीय सेवालाई प्राथमिकता दिएका छौँ’

*अर्घाखाँची अस्पतालले पछिल्लो समय नागरिकलाई प्रभावकारी रुपमा सेवा प्रवाह गर्न लागेपछि यस अस्पतालमा अर्घाखाँची, प्यूठान, गुल्मीलगायतका जिल्लाका बिरामी सेवा लिन आउने गर्दछन् । जिल्लाको मुख्य बजार क्षेत्रमा रहेको यस अस्पतालमा दैनिकरुपमा बिरामीको चाप अत्यधिक हुने गर्छ । अस्पतालको विकास आगामी रणनीतिलगायतका बारेमा जिल्ला अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट **डा.जगन्नाथ तिवारी**सँग पत्रकार **अनिल नेपाली**ले गरेको कुराकानी:*

**१) तपाईंको कार्य प्रारम्भ र विगतबारे केही बताइदिनुहोस न ?**

२०७१ सालमा कार्य प्रारम्भ गरि अर्घाखाँची जिल्लाको जिल्ला अस्पतालमा आउँदा यहाँका नागरिकलाई गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले म यस जिल्लामा आएको हुँ । यहाँको अवस्थाको बारेमा थुप्रै कुरा सुनेको थिएँ, तर पनि सुधार गर्न सक्छु भन्ने लागेर खटिरहेको छु । यसमा सबैको सहयोगको आशा गरेको छु ।

***२) तपाई यहाँ आउँदा पहिले सुनेको र वास्तविकतामा के फरक पाउनु भयो । आउँदाको अवस्था र अहिलेको सुधारको अवस्थाबिचको भिन्नता के छ ? सुनाइ र भोगाइमा खासै फरक छैन ?***

अस्पतालको विषयमा विभिन्न खबर सुनेपछि अर्घाखाँची गएर सेवा गरौं भन्ने भावनाले यहाँ आएको हुँ । अस्पतालमा जनशक्ति एकदमै कमी थियो । भएका डाक्टरहरु पनि समायोजनपछि सबै समायोजन भएर जानु भएको रहेछ । नयाँ पनि आउनु भएको थिएन । यस अस्पतालमा पहिला सामान्य चेकजाँचको लागि बिरामी अन्यत्र जानु पदर्न्थ्यो, सामान्य ल्याब, एक्सरे, अल्ट्रासाउन्ड, सुत्केरी, अप्रेसनलगायतका सेवा थिएनन्, हामीले सुधार गरेर २४ घण्टा सेवा सुचारू गरी गुणस्तरीय सेवा उपलब्ध गराउने पहलकदमी थाल्यौं, आवश्यक औषधिहरु पनि थिएन । सबै अवस्थाहरुलाई हेर्दा अस्पतालको सबै पक्ष बिग्रिएको थियो ।




अहिले सबैको सहयोगले अस्पतालमा गुणस्तरीयसेवालाई प्राथमिकता दिएका छौं, अहिले अस्पतालमा दैनिक ३०० जना ओपीडीमा आउनुहुन्छ, ५० जना भिडियो एक्सरे, एमरजेन्सीमा ५० जना बिरामी आउने गर्नुभएको छ। सीमित जनशक्तिबाट जिल्लावासीलाई गुणस्तरीय सेवा उपलब्ध गराएका छौं ।

***३) अब यो अस्पतालको सेवा प्रभावकारी बनाउन कसरी अगाडि बढ्ने योजना छ ?***

पहिलो कुरा त यहाँको प्रमुखको रुपमा जिम्मेवारी लिइसकेपछि प्रशासनिक कामहरुको उचित व्यवस्थापन गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । प्रशासनिक प्रणालीलाई बलियो बनाइसकेपछि यहाँको समस्या समाधान गर्दै जानुपर्छ । नागरिकको स्वास्थ्य जस्तो संवेदनशील विषयमा गम्भीर बन्नैपर्छ । नागरिकले कसरी चौबीसै घन्टा सहज, सुलभ, छिटो र गुणस्तरीय सेवा पाउँछन् भन्ने विषयमा ध्यान केन्द्रित गरी कार्य सम्पादन गरिरहेको छु । रातिको समयमा आउने बिरामीहरु ल्याब टेस्ट र एक्स-रेको लागि अन्यत्र जानुपर्ने अवस्था थियो । तत्काल आवश्यक जनशक्ति राखेर चौबीसै घन्टा यी सेवा सुचारु गरेका छौं । अस्पताल ५० वेडमा स्तरउन्नति भएता पनि १५ शैयामा चलेको छ । यसका लागि प्रदेश सरकारले भौतिक सरचनाको निर्माणको लागि अत्याधुनिक भवन निर्माणसहित विशेषज्ञ सेवा सुचारू गर्ने पहलकदमी गनुपर्छ ।

***४) अस्पतालमा डाक्टर नै छैनन् भन्ने गुनासो आइरहन्छ, यहाँ डाक्टर दरबन्दीको अवस्था के छ ? सबै पदपूर्ति भएको अवस्था हो ?***

दैनिकजसो ३ सयको हाराहारीमा बिरामी आउने अस्पतालमा प्रायः गरेर ३०/३२ वटा बेड बिरामीले भरिएका हुन्छन् । ५० शैयाको जिल्ला अस्पतालमा मेडिकल अधिकृत र एमडीजीपी गरी ७ जना छौं । १ जना एमडीजीवी म आफैं छु, अर्को एनजीओ निसाइमल गरी २ जना र ५ जना मेडिकल अफिसरहरु करारमा हुनुहुन्छ । यो टिमलाई बिरामीको चाप रातदिन गरिरहेको छ, तै पनि हाम्रो टिममा आउनुभएका सबै डाक्टर निरन्तर र गुणस्तरीय सेवा प्रदान गरी अस्पतालको अवस्था सुधार गर्न प्रतिबद्ध भएर लाग्नुभएको छ। हाम्रो उद्देश्य भनेकै नागरिकको स्वास्थ्यप्रति सचेत बनी सहज रुपमा सेवा प्रदान गर्नु हो ।

***५) अस्पतालप्रति नागरिकको गुनासो बढी छ । उता डाक्टरहरु हरेक बहानामा आउन चाहनु भएको छैन। यो दुवै किसिमको समस्यालाई कसरी समाधान गर्न सकिएला ?***

यो समस्या अन्त्यका लागि सबैले निजी स्वार्थभन्दा संस्थागत स्वार्थमा बढी ध्यान दिनुपर्छ । त्यसको लागि सबैतिरबाट पहल हुन जरुरी छ। नागरिक समाज, जनप्रतिनिधि, नगरपालिका, गाउँपालिका स्थानीय बासिन्दालगायत सम्पूर्ण सरोकारवालामा मैले पनि केही गर्नुपर्छ भन्ने भावना हुनु जरुरी छ । बाहिरबाट आएका दुई-चार जना डाक्टरले मात्र गरेर केही हुँदैन । सबैले आआफ्नो क्षेत्रबाट अस्पतालको विकासमा सहयोग पुऱ्याउने र गुणस्तरीय सेवातर्फ ध्यान दिने हो भने यो अस्पताललाई प्रदेशकै नमूना अस्पतालको रुपमा विकास गर्न सकिन्छ । यो अस्पताल ५० शैयामा स्वीकृत भएको अस्पताल हो, यो मापदन्डअनुसारको विकास गर्न के गर्नुपर्छ ? यो अस्पताललाई १५ शैयाबाट ५० शैयामा स्तरोन्नति भएता पनि हामी १५ शैयाबाट सेवा दिइरहेका छौं । MDGP आउनु भएको छ, उहाँ निक साइमनबाट आउनु भएको हो। उहाँले हामीलाई धेरै सहयोग गर्नुभएको छ । वास्तवमा यो अस्पतालको विकासको लागि सबैको सहयोग आवश्यक छ। स्वास्थ्यकर्मीहरुको सुरक्षालगायतका विषयमा स्थानीयवासीसहित सरोकारवाला सबै जिम्मेवार हुनुपर्छ। सबैको पहल आवश्यक छ ।

***६) अस्पतालमा तपाई आउनुभन्दा पहिला कस्ताकस्ता सुविधा थिए ? अहिले हजुर आएपछि अस्पतालमा के–के सुविधा थपिए ?***

अस्पतालमा अत्याधुनिक उपकरणबाट अधिकांश रोगको जाँच गरिने ल्याब सेवा सञ्चालन गरिएको छ । थाइराइड, फङ्सन टेस्टदेखि लिएर सबै प्रकारका बायोकेमेस्टिक टेस्ट, डिजिटल एक्स-रे, डप्लर अल्ट्रासाउन्ड सेवा, फिजियोथेरापी सेवालगायत सेवा नियमित सञ्चालन भएका छन् । दैनिक ५०/६० वटासम्म अल्ट्रासाउन्ड हुने गरेको छ । अन्य सामान्य शल्यक्रियालगायत हाइड्रोसिल, हर्नियालगायत रोगको शल्यक्रिया पनि सोही अस्पतालमा हुने गरेको छ । सिएस सेवा सञ्चालन गर्दा जिल्लामा ब्लड बैंक नभएर समस्या हुने, तर शल्यक्रिया गर्नुभन्दा पहिला ब्लड दिने व्यक्तिलाई राखेर शल्यक्रिया गरिरहेका छौ आगामी दिनमा हामी डाइलाइसिस सेवा सुचारू गर्ने योजना छ ।

***७) अस्पतालको स्तरउन्नतिको लागि के गनुपर्ला ?***

अस्पतालको स्तरउन्नतिको लागि लुम्बिनी प्रदेश सरकारले ध्यान दिनुपर्छ, विशेषज्ञ दरबन्दी स्वीकृत गराउनुपर्छ अत्याधुनिक भवन निर्माणको लागि पहल गनुपर्छ । डायलासिस सेवाको लागि आर्थिक प्राविधिक सहयोग गनुपर्छ ।

***८) स्थानीय सरकार र प्रदेश सरकारबाट कस्तो सहयोग पाउनुभएको छ ?***

स्थानीय सरकार हाम्रो नजिकैको सन्धिखर्क नगरपालिका हो । नगरपालिकाले अहिलेसम्म रचनात्मक सकारात्मक सहयोग गर्दै आएको छ । नगरपालिकाले शवबाहन गाडी उपलब्ध गराएको छ भने अस्पताल वरपरको बाटो समेत निर्माण गरिदिएको छ, आँखा शिविरको लागि आवश्यक सामग्री उपलब्ध गराएको छ ।

***९) अस्पतालमा लामो समयदेखि अध्यक्ष रिक्त छ, यसले काम गर्दा केही जटिलता आएको छैन ?***

अस्पतालमा लामो समयदेखि अध्यक्ष रिक्त हुनुहुन्छ, राजनीतिक दाउपेजका आधारमा अस्पतालमा अध्यक्ष रिक्त छ। नियुक्ति भएर आएका पनि सरकार फेरिदा यसलाई फेर्ने परम्परा बढेको छ। अध्यक्षले ३ वर्ष काम गनुपर्छ, अध्यक्ष नहुँदा केही प्रशासनिक काममा असहजता हुन्छ ।

## मणिमुकुन्दका कक्षा १२ का विद्यार्थीको बिदाई



बुटवल । बुटवल-११ योगिकुटीमा रहेको मणिमुकुन्द माध्यमिक विद्यालय/कलेजका कक्षा १२ का विद्यार्थीलाई शैक्षिक सफलताको शुभकामना सहित बिदाई गरिएको छ। मणिमुकुन्दका कक्षा ११ का विद्यार्थीहरु, मास र एमएससीसीको आयोजनामा कक्षा १२ को वबार्षिक परीक्षाको तयारीमा रहेका विज्ञान र व्यवस्थापन संकायका करिब ५ सय जना विद्यार्थीलाई आसन्न परीक्षामा सफलताको शुभकामनासहित बिदाई गरेका हुन् ।

कार्यक्रमको उद्घाटन गर्दै विद्यालयका प्राचार्य टुकबहादुर क्षेत्रीले उच्च शिक्षाका लागि तयारी अवस्थामा रहेका विद्यार्थीलाई शुभकामना दिँदै लगन र मेहनका साथ अध्ययन गर्न र आत्मविस्शासका साथ परीक्षामा सफल हुन विद्यार्थीलाई आग्रह गरे ।

उनले शैक्षिक सफलता र लक्ष्य प्राप्तीका लागि विद्यार्थीमा अनुशासन र मेहनत अत्यन्त आवश्यक पर्ने उल्लेख गर्दै मणिमुकुन्द विद्यालयले विद्यार्थीलाई अनुशासन, संस्कार र मेहनती बन्न सिकाएको बताए ।

कार्यक्रममा विद्यालयका सह-प्राचार्य दिवाकर खनाल, मणिमुकुन्द मावि व्यवस्थापन समिति सदस्य डा. अनन्तगोपाल सिंह, संस्थाका संञ्चालक उमापति न्यौपाने, मणिमुकुन्द कलेजका विज्ञान संकाय संयोजक लक्ष्मण गैरे, व्यवस्थापन संयोजक पशुपति चौधरी, बीबीएस संयोजक दिनेश पाण्डे, मावि कोर्डिनेटर हरिप्रसाद पौड्याल, कक्षा ११ का विद्यार्थी तथा मासका उपाध्यक्ष भुवन न्यौपाने, एमएससीसीका उपाध्यक्ष सिर्जन ढकाल, विद्यार्थी आयुश कार्की, काजल खत्रीलगायतले शुभकामना मन्तव्य दिए ।

विद्यार्थी अन्शु भारती र रविन आचार्यको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा उत्कृष्ट कार्य सम्पादन गरेका केही विद्यार्थीहरुलाई सम्मान समेत गरिएको थियो ।

## लुम्बिनीबाट उपकुलपतिको दश बुँदे घोषणा

लुम्बिनी । नेपालका विश्वविद्यालयहरुमा पाठ्यक्रमको एकरुपता सुनिश्चित गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धिसहितका दश बुँदे घोषणापत्र जारी गर्दै लुम्बिनीमा जारी उपकुलपतिहरुको अन्तर्राष्ट्रिय सम्मेलन सकिएको छ । लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना, विश्वविद्यालय अनुदान आयोगको सहयोग र ग्लोबल युनिभर्सिटी नेटवर्कको सहकार्यमा लुम्बिनीमा अन्तर्राष्ट्रिय उपकुलपति र १८औं न्यूज (पूर्व, पश्चिम, उत्तर, दक्षिण) सम्मेलन बुधबारबाट लुम्बिनीमा सुरु भएको थियो ।

सम्मेलनले उच्च शिक्षामा नैतिक नेतृत्वको विकास गर्दै प्रविधि र एआईको उपयोगद्वारा शैक्षिक उत्कृष्टता कायम गर्ने घोषणा गरेको छ । समावेशी र पँहुचयोग्य शिक्षाको सुनिश्चितताको प्रतिबद्धता उपकुलपतिहरुले जनाएका छन् । उपकुलपतिहरुले तार्किक नक्साङ्कन, मानव संसाधनको पूर्वानुमान गरी आवश्यकताका आधारमा मात्रै विश्वविद्यालय स्थापना गर्न सुझाव दिएका छन् ।

नेपाल र भारतका गरी १४ जना उपकुलपति, पूर्व उपकुलपतिहरुले जारी गरेको घोषणा पत्रमा बजारभूखि र नैतिकतामा आधारित पाठ्यक्रमको विकास गर्नका लागि पूर्विय दर्शन र नैतिक सिद्धान्तलाई सबै विश्वविद्यालयका पाठयक्रममा समावेश गर्ने उल्लेख गरिएको छ।

एआइको उपयोगद्वारा उच्च शिक्षाको गुणस्तरमा सुधार गर्ने, एआइसम्बन्धी तनाव व्यवस्थापनका लागि योग तथा ध्यान कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ। उच्च शिक्षाको मापदण्डीकरण र लगानीमा वृद्धि गर्न उपकुलपतिहरुले सुझाव दिएका छन् । मापदण्ड निर्धारणका लागि अन्तर्राष्ट्रिय स्तरको मूल्याङ्कन गर्ने निकायको माग गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संकाय आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने तथा क्रेडिट बैंक, क्रेडिट ट्रान्सफर र संयुक्त डिग्री कार्यक्रमलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता घोषणा पत्रमा उल्लेख गरिएको छ।

मौलिक ज्ञान र संस्कृतिक एकीकरणको प्रवर्द्धन गर्न परम्परागत चिकित्सा प्रणालीलाई आधुनिक अध्ययनमा समावेश गर्दै अनुसन्धान र विकासका लागि सहकार्यात्मक लगानी प्रवर्द्धन गर्ने उपकुलपतिहरुको घोषणा छ । नवप्रवर्तन र अनुसन्धान सहकार्यको प्रवर्द्धन गर्न साझेदारीमा अनुसन्धान गर्ने प्रतिबद्धता उपकुलपतिको छ । पर्यटन केन्द्रीय शैक्षिक कार्यक्रम विकास गर्ने, पर्यटकहरुलाई छोटो अवधिका शैक्षिक तालिमहरु उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ । त्यस्तै रोजगारमुखी शिक्षाद्वारा प्रतिभा पलायन रोकथाम गर्नका लागि सीपमूलक पाठ्यक्रम लागू गर्ने र विद्यार्थीहरुलाई परामर्श तथा रोजगारमुखी तालिम प्रदान गर्ने घोषणा पनि उपकुलपतिहरुले गरेका छन् । उपकुलपतिहरुले चालु ०८० को दशकलाई प्राज्ञिक र सिर्जनात्मक शिक्षाको दशकका रुपमा प्राथमिकता दिने घोषणा गरेका छन् ।

घोषणपत्रमा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा देवराज अधिकारी, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्य, नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपाल, मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. धुव्रकुमार गौतम, राजर्षी जनक विश्वविद्यालयका उपकुलपति प्रा.डा. अमरप्रसाद यादव, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. बेदराज केसी, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. बिजुकुमार थपलिया, मदन भण्डारी एकेडेमी अफ हेल्थ साइन्सका उपकुलपति डा. प्रदीप ज्ञवाली, लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. त्रिरत्न मानन्धर, प्रा.डा. हृदयरत्न बज्राचार्य, मध्यपश्चिम विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. उपेन्द्र कुमार कोइराला, लुम्बिनी प्राविधिक विश्वविद्यालयका उपकुलपति प्रा.डा बिनोद प्रसाद ढकाल, भारतको नालान्दा विश्वविद्यालयका उपकुलपति प्रा.डा. अभयकुमार सिंह, सिद्धार्थ विश्वविद्यालयका उपकुलपति प्रा.डा. कविता शाह हस्ताक्षर गरेका छन् । उच्च शिक्षामा बौद्ध दर्शन अन्तर्राष्ट्रिकरण, प्राज्ञिक नेतृत्वमा बौद्ध दर्शन र नैतिकता, चौथो औद्योगिक क्रान्तिमा उच्च शिक्षाको अन्तर्राष्ट्रियकरण, नेपालको उच्च शिक्षाका चुनौती र अवसर विषयमा केन्द्रित रही उपकुलपति सम्मेलन आयोजना गरिएको थियो ।

सोही अवसरमा लुम्बिनी बौद्ध विश्वविद्यालयले स्वदेशी र विदेशी गरी १४ वटा विश्वविद्यालयसँग सहकार्य सम्झौता गरेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. तिलकराम आचार्यले अनुसन्धानसहित प्राज्ञिक उन्नयका क्रियाकलापहरु सहकार्यमा सञ्चालन गर्नका लागि सम्झौता गरिएको बताए ।

दुई दिने सम्मेलनमा नेपाल, कम्बोडिया, चीन, जर्मनी, भारत, जापान, लाओस्, म्यानमार, श्रीलंका, थाइल्याण्ड र भियतनामका विज्ञ तथा अध्येताहरुको सहभागिता रहेको थियो ।

## Hupsekot Rural Municipality,
## Office Of Rural Municipal Executive

Jhayalbas , Nawalparasi (Bardaghat Susta East)

Gandaki Province

# Invitation for Bids

First Date Of Notice Publication:- 2081/12/22 (04/04/2025)

Hupsekot Rural Municipality,Jhayalbas(East of BardaghatSusta) invites Electronic Bids from eligible bidders for the Contracts name of below.

| S. N. | Works Description | Contract Nos. | Price of Bid Document (Nonrefundable NRs.) | Minimum Bid Security Amount NRs. |
|---|---|---|---|---|
| 1. | Administrative Building Wall Compound, Guard House Construction, Gardening Work. | Hup/Ncb/W/7/ 081/82 | 3,000.00 | 2,20,000/- |
| 2. | Extraction of river bed material from Girubarikhola (Belhani Khanda Ka) at Hupsekot Rural Municipality. | Hup/Ncb/Rev/01/ 81/82 | 3,000.00 | 3,30,000/- |
| 3. | Extraction of river bed material from Girubarikhola (Belhani Khanda Kha) at Hupsekot Rural Municipality. | Hup/Ncb/Rev/02/ 81/82 | 1,000.00 | 1,00,000/- |
| 4. | Extraction of river bed material from Girubarikhola (Girubari Khanda Ka) at Hupsekot Rural Municipality. | Hup/Ncb/Rev/03/ 81/82 | 3,000.00 | 2,70,000/- |
| 5. | Purchasing of Desktop Computer and Printer | Hup/Ncb/G/01/ 081/82 | 1,000.00 | 31,000/- |

1. Bidders may obtains further information at the office of Hupsekot Rural Municipality, Jhayalbas, Tel:-078-590700or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
2. Bidding Document available online and can be download from e-Gp System.
3. Bidder shall have the option of submitting their bids electronically only. Submission Of hard copy bids shall not be entertained.
4. Matters not covered in this notice shall be in accordance will prevailing Rules and regulation of GoN.
5. Any amendment in the tender notice will be posted in the notice board of offce and PPMO’S website www.bolpatra.gov.np/egp.

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com